अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

<table>
<tr><th>सि.नं</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr><td>१</td><td>प्रतिवादीहरु बिष्णुकान्त मिश्र र हिरादेवी मु.नं (०७९-CR-०१३६) फैसला मिति २०८०।१२।०७</td><td>गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td><td>आयोगको माग दावी
•विष्णुकान्त मिश्रले सार्वजनिक सेवामा प्रवेश गरेको मिति २०३६\११\१० देखि मिति २०७०\०८\१६ सम्ममा निजले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको हुनाले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सो कसुरलाई निरन्तरता दिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुँदा निज विष्णुकान्त मिश्रलाई बिगो रू.७२,५२,४८०।५९ (अक्षरेपी बहत्तर लाख बाउन्न हजार चार सय असी रूपैयाँ र उनन्साठी पैसा मात्र) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश, प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको जरिबाना र कैद हुन माग दाबी लिइएको देखिन्छ।
अदालतको फैसला
•प्रतिबादीको बैध आय रू १,३६,६८,०५७.७९ र व्यय रू १,२७,८०,३२५.८८ रहेको हुँदा बैधानिक आय भन्दा व्यय नै कम रहेको भनी प्रतिबादीहरुलाई आरोप माग दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको छ।</td><td>फैसलाः
प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।
विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः
•स्पष्ट कानूनको अभावमा नगद प्रवाह(case flow) को आधारमा मात्र आय व्ययको गणना गरी निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिदैन यस अवस्थामा समग्र जाँच अबधिको आय व्ययको बिश्लेषण गरी निष्कर्षमा पुग्नु नै उत्तम हुने देखियो ।
•प्रतिबादी बिष्णुकान्त मिश्रको बिभिन्न मितिमा छोरा नबिन कुमार मिश्रको बैक खातामा ग्याल्जेन शेर्पाले रकम जम्मा गरेकोमा उक्त रकम घुस रिसवतको रूपमा लिएको भन्ने बादी दावी रहेकोमा यस मुद्दाको लगाउको मुद्दा नं. ०७८-cr-००५० को रिसवत \घुस मुद्दामा सफाई पाएको देखिदा उक्त रू ४०,००,०००।— व्यय कायम हुने देखिएन ।
•व्यक्तिले आफैले बनाएको घरको बिगो कायम गर्दा १५% ओभरहेड कस्ट र ५% ठेक्का कर समावेश गरी</td><td>•प्रतिबादीको अनुसन्धानको क्रममा जाँच अवधिमा बादी नेपाल सरकारले कायम गरेको समग्र आय व्ययको शिर्षक निम्न बमोजिम रहेको देखिन्छ
<u>प्रतिबादीको समष्टिगत आय व्यय बिबरण</u>
<table>
<tr><th rowspan="2">क्र.स.</th><th colspan="2">आय</th><th colspan="2">व्यय</th><th></th></tr>
<tr><th>शिर्षक</th><th>रकम</th><th>शिर्षक</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>बिष्णुकान्त मिश्रको पारिश्रमिक आय</td><td>१७,४७,६२७.२</td><td>शैक्षिक खर्च</td><td>४१,४०,३२३.२३</td><td></td></tr>
<tr><td>२</td><td>बुहारी बन्दना कुमारीको पारिश्रमिक आय</td><td>११,०२,०७४.३</td><td>घरनिर्माण खर्च</td><td>२८,०४,२५०.१५</td><td></td></tr>
<tr><td>३</td><td>छोरा नबिन कुमारको पारिश्रमिक आय</td><td>४,४९,१३०।–</td><td>जिवन बिमा प्रिमियम तिरेको रकम</td><td>१,७४,९११।–</td><td></td></tr>
<tr><td>४</td><td>ऋण सापटी</td><td>४१,६९,२२६.६९</td><td>जग्गा खरिद</td><td>८,९३,०००।–</td><td></td></tr>
<tr><td>५</td><td>कृषि आय</td><td>३,००,०००।–</td><td>सवारी साधन खरिद</td><td>१,६५,०००।–</td><td></td></tr>
<tr><td>६</td><td>जग्गा बिक्रिबाट प्राप्त आय</td><td>१९,००,०००।–</td><td>ऋण सापटी भुक्तानी</td><td>४२,४३,०५४</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>जानकी टेड्रस मा लगानी</td><td>५,००,०००।–</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बैंकमा जम्मा भएको रकम</td><td>४०,००,०००।–</td><td></td></tr>
<tr><td colspan="2">जम्मा आय</td><td>९६,६८,०५७.७९</td><td>जम्मा व्यय</td><td>१,६९,२०,५३८.३८</td><td></td></tr>
<tr><td></td><td colspan="2">श्रोत नपुगेको जम्मा रकम</td><td colspan="2">७२,५२,४८०।५९</td><td></td></tr>
</table>
•आरोपपत्रमा कायम गरेको आय शिर्षकहरु मध्ये प्रतिबादीले देहायका शिर्षकहरूमा विवाद नगरी स्वीकार गरी बसेको हुँदा भन्ने आधारमा देहायका शिर्षकमा सम्मानित अदालतले मान्यता दिएको देखिदा सो सम्बन्धमा थप पुनरावेदन जिकिर लिनु पर्ने अवस्था देखिदैन।
<table>
<tr><th>सि.नं.</th><th>शीर्षक</th><th>रु.</th></tr>
<tr><td>१</td><td>बिष्णुकान्त मिश्रको बचत</td><td>रू १७,४७,६२७.२</td></tr>
<tr><td>२</td><td>बुहारी बन्दना कुमारीको पारिश्रमिक</td><td>रू ११,०२,०७४.३</td></tr>
<tr><td>३</td><td>छोरा नबिन कुमारको पारिश्रमिक आय</td><td>रू ४,४९,१३०।–</td></tr>
<tr><td>४</td><td>ऋण सापटी</td><td>रू ४१,६९,२२६.२९</td></tr>
<tr><td>५</td><td>कृषिबाट प्राप्त आय</td><td>रू ३,००,०००।–</td></tr>
<tr><td>६</td><td>जग्गा बिक्रिबाट आय</td><td>रू १९,००,०००।–</td></tr>
</table>
•सम्मानित अदालतबाट निम्न आय शिर्षकहरूमा आयोगबाट लिएको दावी भन्दा फरक आय कायम गरी फैसला भएको हुँदा निम्न आयहरूमा अदालतले लिएको आधार त्रुटिपूर्ण रही बदर भागी रहेको देखिन्छ</td></tr>
</table>

				व्ययमा गणना गर्न मिलेन । •प्रतिबादीले रू १०,००,०००।— अध्ययन खर्च घट्नु पर्ने भनी दावी लिएको जिकिर लेनदेन कारोवारको बिषयमा मौखिक भनाईको कुनै प्रमाणित महत्व रहन्न लिखित प्रमाण नै चाहिने हुँदा उक्त रकम व्ययमा कायम हुने देखियो।	•**क) प्रतिबादीको समग्र आयको गणना गरेको सम्बन्धमा-** प्रतिबादीले जाँच अबधीमा बिभिन्न शिर्षकमा गरेको आय र व्ययको समष्टिगत रूपमा अध्ययन गरी सम्मानित अदालतबाट फैसला भएको देखिन्छ ।तर अनुसन्धानको क्रममा प्रतिबादीको नगद प्रबाह(cash flow) को आधारमा बिभिन्न समयको परिक्षण अबधि(Check period) कायम गरी निजको आय व्ययको अध्ययन गरेको देखिन्छ । बास्तबमा बिभिन्न जाँच अबधि कायम गर्दा अबैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति बैध मान्न मिल्दैन भन्ने सिद्धान्तको आधारमा नै प्रतिबादीले जाँच अबधीको बिभिन्न अबधिमा स्रोतले नखामेको हदसम्म आय Cutt of period कायम गरी प्रतिबादीको समग्र सम्पत्तिको गणना गरिएको हो । प्रतिबादीको सम्पत्ति जाँच गर्ने बिषय अनुसन्धानकर्ताको क्षेत्राधिकारको भित्र पर्ने भएकोले बादीले नै अनुसन्धान पद्दती रोज्ने हो । प्रतिबादीको आफूले आर्जन गरेको सम्पत्तिको श्रोत पुष्टि गर्नु पर्छ यदी उक्त श्रोत पुष्टि गर्न नसकेमा उक्त सम्पत्ति गैह्रकानूनी रूपमा आर्जन गरेको मानिने हुँदा निजले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति देखिएको अवस्थामा नै बिभिन्न समयाबधि कायम गरिएको देखिन्छ ।प्रस्तुत मुद्दामा आयोगले प्रतिबादीको समग्र जाँच अबधीलाई / बर्गमा बर्गिकृत गरी जाँच गरेको देखिन्छ । आयोगले बर्गिकृत गरेको अबधी मा प्रतिबादीले कारोवार गरेको ठुलो हिस्सा लाई समाबेश गरी अनुसन्धान गरेकोले सो case flow अबधी बाट जाँच गर्नुको युक्तियुक्त आधार र कारण भनेको सो अबधीमा कारोबार भएको रकमको स्रोत के कुन माध्यमबाट भएको हो सो को Source and Application analysis गर्नु हो । जसलाई आयोगले सम्पत्ति छानविन मुद्दामा कार्यबिधि बनाई स्पष्ट मापदण्डको आधारमा अनुसन्धान गरेको तथ्य पुष्टि भएको छ । पहिला गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पछि आएर समग्र जाँच अबधी भन्ने आधार लिई बिभिन्न औचित्यहिन श्रोत देखाई बैध देखाउन खोजिएको छ । अबैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति अबैध हुन्छ । प्रतिबादीको साथमा रहेको सम्पत्तिको बैधानिक श्रोत पुष्टि गर्ने प्रमाणको भार प्रतिबादीमा नै रहन्छ अर्थात अबैध सम्बृद्धि होईन भनी पुष्टि गर्ने भार प्रतिबादीमा नै निहित रहन्छ ।सम्मानित अदालतबाट फैसला हुँदा प्रमाणको प्रचुरताको आधारमा सम्पत्तिको स्रोतको बैधानिकता परिक्षण गर्नु पर्नेमा आयको गणना गर्दा जाँच अबधिलाई एउटै समायाबधि मानी आयको जाँच गरेको प्रकृयागत भन्ने आधार लिई प्रतिबादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । **नबिन कुमार मिश्रको नाममा बैंकमा जम्मा भएको रकम आय-** • प्रतिबादी बिष्णुकान्त मिश्रको छोरा नबिन कुमार मिश्रको नेपाल इन्भेष्टमेन्ट बैंक जनकपुर शाखा मिति २०६६\०६\०७ गते बैंक खातामा जम्मा रिसवत बापत रू ३०,००,०००।– रमेश शेर्पाले बैंक खातामा जम्मा गरेको देखिन्छ । मिति २०६६\०६\२९ गते सोही बैंकको खातामा रू २,००,०००।– र सोही मितिमा लाक्पा ग्याल्जेनको चेकबाट रू ८,००,०००।– Self जम्मा गरेको भनी जम्मा गरेको देखिन्छ ।प्रतिबादी बिष्णुकान्त मिश्रको ततिब्बा बयान गर्दा मैले जानकी फाईनान्सबाट रू १८ लाख शैक्षिक कर्जा लिएकोमा उक्त कर्जा भुक्तानीको लागी फाइनान्सले ताकेता गरेको र ऋण तिर्ने अन्य आयस्रोत समेत नभएकोले रसुवाको चिनजानको लाक्पा ग्याल्जेनसँग आफ्नो आर्थिक समस्याको बारेमा कुराकानी गरेकोमा लाक्पा शेर्पा सँग रू ४० लाख सापटी लिएकोमा रू ३० लाख रमेश शेर्पाको नाममा मेरो छोराको नाममा खातामा जम्मा गरिदिएको र बाँकी १० लाख नगद र चेकबाट प्राप्त गरी मैले भौचर भरी छोराको खातामा जम्मा गरेको हो भनी बयान गरेको देखिन्छ ।प्रतिबादी बिष्णुकान्त मिश्रको श्रीमती हिरा देवीको नाममा मिति २०६६\०७\४ मा जानकी फाइनान्सबाट रू १८ लाख शैक्षिक कर्जा लिएको देखिन्छ भने मिति २०६६\०६\०७ मा प्रतिबादीको छोरा नबिन मिश्रको नाममा रू ३०,००,०००।– रकम जम्मा भएको देखिन्छ । यसबाट के देखिन्छ भने जानकी फाइनान्सको कर्जा तिर्नमा उक्त

रकम प्रयोग गरेको हो भनेर बयान गरेको छन फाइनान्सबाट कर्जा लिनु भन्दा अगाडी नै प्रतिबादीको खातामा जम्मा भएको देखिदा प्रतिबादीको बयान नै खण्डित हुन जान्छ ।यसरी हेर्दा प्रतिबादीले जुन समयमा ग्याल्जेन शेर्पाबाट ऋण सापटी लिएको रकम जानकी फाइनान्सबाट लिएको ऋण सापटी तिर्न प्रयोग गरेको भनेर भनेपनि उक्त समयमा निजले जानकी फाइनान्सलाई तिरेको भन्ने निजको बैंक स्टेटमेन्टबाट पुष्टि हुन नआएको हुँदा निजको बयान खण्डित हुन्छ ।सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार बि. केशवराज बिष्ट भएको मुद्दामा "...अपुष्ट ,अतार्किक र हचुवाको आधारमा गरिने कल्पनाबाट अदालत सन्तुष्टि हुन सक्दैन बस्तुनिष्ठ आधारबिना नै हचुवाको आधारमा लिइने दावीलाई कानूनसंगत मान्न नसकिने । आफ्नो जिकिरलाई बस्तुपरक र कानूनले मान्यता दिएका प्रमाणबाट पुष्टि वा खण्डन गर्न तथ्ययुक्त र बस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा नि.नं. ८७७०) भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।प्रतिबादी बिष्णुकान्त मिश्रले आयोगमा मिति २०७०।०५।०९ गते भरेको १३ पाने सम्पत्ति बिवरणमा उक्त आयको सम्बन्धमा उल्लेख गरेको देखिदैन सापटी लिएको रकम मध्ये केही रकम बुबाको औषधी उपचार र क्रियाकाजमा खर्च बाँकी जानकी फाइनान्सको ऋण तिर्नमा खर्च भयो र मिति २०६६ सालतिर तिरेको हो भनी बयान गरेको देखिन्छ तर उक्त रकम फिर्ता दिएको कुनै प्रमाण गुजार्न सकेको देखिदैन ।प्रतिबादी बिष्णुकान्त मिश्रको छोरा नबिन मिश्रले यसै मुद्दाको लगाउमा रहेको घुस रिसवत मुद्दामा बयान गर्दा मिति २०६६।०६।०७ मा रू ३० लाख रमेश शेर्पाको नामबाट र मिति २०६६\०६\२९ मा नगद रू २ लाख र चेकबाट रू ८ लाख self लेखि रु ४० लाख जम्मा गरेको के कति कारणले उक्त रकम के कसले के प्रयोजनको लागी जम्मा गरेको हो मलाई थाहा भएन उक्त रकम मैले जम्मा गरेको होईन भौचरमा भएका अक्षरहरू मैले लेखेको होईन बुबाले किन जम्मा गर्नु भएको हो थाहा भएन । उक्त रकम पछि बुबाले झिकेर ल्याउनु भनेकोले झिकि फिर्ता दिएको हो भन्ने समेत व्यहोराको बयान गरेको देखिन्छ ।प्रतिबादीले उक्त रकम मिति २०६६ सालमा फिर्ता दिएको हो भनी भनेपनि उक्त रकम के कुन आय आर्जनको शिर्षकबाट के कुन बैंकखाताबाट उक्त रकम तिरेको हो भन्ने खुलाउन सकेको देखिदैन । यी प्रतिबादीले जानकी फाईनाइन्सलाई रू १८ लाख तिरेको र बाँकी रकम बुबाको उपचार र क्रिया खर्चमा खर्च गरेको हो भनी बयान गरेपनि के कति रकम उपचार खर्च र के कति रकम क्रियाकाजमा खर्च गरेको हो भनेर भन्न सकेको समेत देखिदैन ।

- प्रतिबादी बिष्णुकान्त मिश्रले लगाउको घुस मुद्दामा मौकामा अनुसन्धानको क्रममा बयान गर्दा नबिन कुमार मिश्रको खातामा रमेश शेर्पाको नामबाट जम्मा भएको के कति कारणले जम्मा गरिदिएको हो मलाई थाहा भएन रमेश शेर्पाले पछि रकम फिर्ता गरीपाउ भनी भनेकोले रमेश शेर्पालाई नगदै दिएको हो भनी बयान गरेको देखिन्छ ।यस्तै प्रतिबादी CHIHE LU ले बयान गर्दा म घुम्नको लागी नेपाल आएको बखत रक्तचन्दन खरिद गरी चिनमा बिक्रि गर्नको लागी श्री ग्याल्जेन एण्ड लामा बिजनेस प्रा.लि. मार्फत रसुवाको रू १६०० को दरले जम्मा रू ७५,००,०००।– धरौटी रकम बैंकमा जम्मा गरी टेण्डर हालेकोमा उक्त टेण्डर मलाई परेकोमा मन्त्रालयबाट उक्त टेण्डर रद्ध भएपछि रसुवाका बन अधिकृत बिष्णुकान्त मिश्रले उक्त ठेक्काको प्रकृया नमिलेर रद्ध भएपनि पूरै ठेक्काका सम्पूर्ण प्रकृया मिलाईदिने भनी राजस्व बापत रकम माग गरेकोमा रू ६० लाख लिएको हो रक्त रकम निजले भने अनुसार नै निजको छोराको नबिन कुमार मिश्रको नाममा मिति २०६६\०६\०७ मा ३० लाख बैंकमा जम्मा गरिदिएको ,मिति २०६६।०६।२९ मा १० लाख जम्मा गरिदिएको र रू २० लाख नगद दिएको हो र मेरो उक्त रकम लिएपछि त्याँहाबाट सरूवा भई गएका हुन भनी बयान गरेका छन । यस्तै प्रतिबादी ल्याक्पा ग्याल्जेनले कागज गर्दा प्रतिबादी बिष्णुकान्त मिश्रले जिल्ला बन कार्यलाय रसुवाबाट रक्तचन्दनको लिलाम खुलेपछि मेरो नाममा रहेको ग्याल्जेन एण्ड

तामाङ्ग प्रा.लि. मार्फत उक्त लिलाम बढाबढमा भाग लिएपछि उक्त काम गरिदिने भनी हामीसंग पटक पटक गरी रू ७०,००,०००।– लिएको हो ।उक्त रकम निजले भने अनुसार निजको छोरा नबिन कुमार मिश्रको नामको बैंक खातामा मिति २०६६।०६।२९ मा रू १०,००,०००।–र मिति २०६६।०७।०७ मा रू ३०,००,०००।– रमेश शेर्पाको नामबाट जम्मा गरिदिएको र ३०,००,०००।– नगदै दिएको हो । उक्त रकम मध्ये रू ४०,००,०००।– चीनिया नागरिक CHIHE LU को र बाँकी ३०,००,०००।– लाख मेरो हो भन्ने समेतको बयान गरेका र प्रतिबादी मध्येका CHIHE LU चिनिया नागरिक र लाक्पा ग्याल्जेनको मृत्यु भएको हुँदा अदालतमा मौकाको ब्यहोरा पुष्टि हुने गरी बकपत्र गर्नेको लागी अदालतमा उपस्थित गराउन नसकेको मात्र हुँदा यी प्रतिबादी बिष्णुकान्त मिश्रले उक्त ४०,००,०००।– रकम प्रतिबादीले चिनिया नागरिक CHIHE LU र लाक्पा ग्याल्जेनले दिएको घुस रकम भएको पुष्टि भएको हुँदा उक्त रकम यी प्रतिबादीको आय रकम नभई प्रतिबादीको श्रोत नखुलेको घुसको रकम ब्यय नै भएको पुष्टि हुँदा हुँदै उक्त रकमलाई प्रतिबादीको आय कायम गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको छ ।

- यसरी माथि उल्लेखित बिबेचित शिर्षक अन्तर्गत प्रतिबादीको जाँच अबधिको बास्तबिक बैध आय रहेको भन्ने मिशिल संलग्ग प्रमाणबाट पुष्टि भएको देखिदा सोही अनुसार आय कायम गरी फैसला गर्नु पर्नेमा फरक आय कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिदा बदरभागी रहेको देखिन्छ ।
- **ब्यय तर्फ**- बादीले आरोपपत्रमा कायम गरेको ब्यय शिर्षकहरू मध्ये देहायको शिर्षकमा प्रतिबादीले स्वीकार गरेको आधारमा सम्मानित अदालतबाट समेत स्वीकार गरी निम्न बमोजिमको रकमलाई नै व्यय कायम गरी फैसला भएको देखिदा निम्न शिर्षकहरूमा पुनराबेदन जिकिर लिईरहनु पर्ने देखिएन ।

सि.नं.	व्ययका शीर्षक/ विवरण	आयोगबाट कायम भएको रकम
१	जीवन विमा तिरेको रकम	रू १,७४,९११।-
२	जग्गा खरिद	रु ८,९३,०००।-
३	सवारी साधन खरिद	रू १,६५,०००।-
४	ऋण सापटी भुक्तानी	रू ४२,४३,०५४।-
५	जानकी टेड्रसमा भएको भुक्तानी	रू ५,००,०००।-

- प्रतिबादीको निम्न ब्यय शिर्षकहरूको बादी नेपाल सरकारले कायम गरेको बिगो भन्दा फरक पारी सम्मानित अदालतबाट भएको फैसला निम्न आधार र कारणबाट त्रुटिपूर्ण रही बदरभागी रहेको छ।
- **नबिन कुमार मिश्रको नाममा बैंकमा जम्मा भएको रकम**ः प्रतिबादीको बिष्णुकान्त मिश्रको छोरा नबिन कुमार मिश्रको बैंक खातामा मिति २०६६\०६\०७ मा रू ३०,००,०००।–रमेश शेर्पाको नामबाट जम्मा भएको ,मिति २०६६।०६।२९ मा पटक पटक गरी Self भनी रू २,००,०००।– र रू ८,००,०००।– रकम जम्मा भएको र उक्त रकम प्रतिबादीले घुस बापत लिएको पुष्टि भएको हुँदा प्रतिबादीको उक्त रकमलाई आयमा गणना नगरी प्रतिबादीको ब्यय शिर्षकमा गणना गरिएको हो । प्रतिबादीले अदालतको बयानको क्रममा उक्त रकम ऋण सापटी

					लिएको र उक्त ऋण सापटी फिर्ता दिएको भनी बयानमा उल्लेख गरेपनि निज प्रतिबादीले ऋण सापटी लिएको भनिएको व्यक्ति ल्याहाक्पा ग्याल्जेन व्यक्ति प्रतिबादीको कुनै चिनजानको नाता सम्बन्धको व्यक्ति भएको नदेखिएको र निजले घुस रिसवत लिदा ल्याहाक्पा ग्याल्जेन प्रतिबादी कार्यरत रहेको कार्यालयबाट खुलेको रक्तचन्दनको ठेक्कामा भाग भएको देखिएको अर्थात ल्याहाक्पा ग्याल्जेन सेवाग्राही भएको भन्ने देखिएको उक्त रकम २०६६ सालमा फिर्ता दिएको भनेर भनेपनि यसै मुद्दाको लगाउको मुद्दामा सह प्रतिबादीहरूले कागज तथा बयान गर्दा उक्त रकम हालसम्म फिर्ता दिएको छैनन भनी बयान गरेको र उक्त रकम फिर्ता दिएको भन्ने कुनै मिशिल संलग्न कागजबाट पुष्टि हुन नसकेको हुँदा उक्त रकमलाई व्यय कायम नगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । प्रस्तुत व्यय शिर्शक अन्तर्गत सम्बन्ध रहेको घुस रकम माथि पुनरावेदन पत्रको आयको शिर्षक अन्तर्गत (क) मा बिस्तृत रूपमा व्याख्या गरिएको हुँदा उक्त शिर्षक अन्तर्गत गरिएको व्याख्या प्रस्तुत शिर्षक अन्तर्गत सान्दर्भिक रहेको हुँदा सोही शिर्षक अन्तर्गत लिएको जिकिर समेत प्रस्तुतु शिर्षकमा पुनरावृति नगरिएको हुँदा सोही बिषयलाई प्रस्तुत शिर्षकमा समेत प्रमाण मानी निजले घुस रिसवत मार्फत लिएको रकमलाई व्यय कायम हुन अनुरोध छ । • **घर निर्माण खर्चमा**- प्रतिबादीको जिल्ला धनुषा जनकपुर ४ कि.नं. ६८ क्षे.फ. ०-०-१६-३ जग्गामा आ.ब. २०४८\०४९ मा १२४७.८१ बर्ग फिट को १ तला घर निर्माणमा रू ४,४७,८८३.५५ लगानी गरेको र सोही जग्गमा २०६९ सालमा २१८८ बर्गफिट को २ तला थप गरी घर निर्माणगर्दा रू २७,७२,१९६ मा contingency \over hera cost बापतको १५% घटाई हुन आउने रू २३,५६,३६६।६० कायम गरी घर निर्माण खर्चमा बादीले जम्मा रु २८,०४,२५०.१५ कायम गरेको देखिन्छ । सम्मानित अदालताबाट फैसला हुँदा व्यक्तिले आफैले बनाएको घरको बिगो कायम गर्दा १५% ओभरहेड कस्ट र ५% ठेक्का कर समाबेश गर्न नमिल्ने भनी ५% ठेक्का करबापत कायम हुने बिगो रू १,४०,२१२.५ प्रतिबादीको व्ययमा गणना गर्न मिलेन भनी सो घटाई रू २६,६४,०३७.६५ मात्र कायम गरेको देखिन्छ ।घर निर्माण गर्दा कुनै पनि ठेक्का दिदा नेपाल सरकारलाई कर तिर्न पर्ने भएको हुँदा उक्त करलाई व्ययमा गणना गर्न नमिल्ने भन्ने हो तर व्यक्तिले आफैले घर निर्माण गर्दा उक्त कर राज्यलाई तिरेको हुँदैन त्यसले गर्दा उक्त खर्च घटाउनु पर्छ भन्ने कानूनतह मिल्ने होईन । यसरी प्रतिबादीको घर निर्माणमा ठेक्का कर भनी जम्मा खर्चको ५% ले कम गरी व्यय कायम गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । • **अध्ययन खर्च**-:अध्ययन खर्चमा समेत प्रतिबादीले रू १०,००,०००।— बाइड कन्सल्टेन्सीले ब्यहोर्ने गरी सहमती भएको हुँदा उक्त रकमलाई व्यय कायम गरिनु हुदैन भनी जिकिर लिएकोमासम्मानित अदालतबाट समेत निजको जिकिरलाई पुष्टि हुने प्रमाण कागज पेश गर्न नसकेको हुँदा उक्त रकमलाई घटनुपर्छ भनी लिएको जिकिर पुग्न नसक्ने बादीले लिएको जिकिर बमोजिम रू ४१,४०,३२३.२३ लाई नै व्यय कायम गरेको देखिदा सो बिषयमा पुनराबेदन जिकिर लिनु पर्ने देखिदैन । • यसरी माथि उल्लेखित आधार र प्रमाणबाट प्रतिबादीले आफु सरकारी सेवामा प्रबेश गरी सकेपछि जाँच अवधिसम्मको आफुसँग भएको सम्पत्तिको बैधानिक आय हो भनी पुष्टि गर्ने प्रमाणको भार प्रतिबादीमा रहेको अर्थात नीजले आर्जित गरेको सम्पत्ति Illicit enrichment होईन भनी पुष्टि गर्न भार प्रतिबादीको रहेकोमा प्रतिबादीले आफूले आर्जन गरेको रकम बैध हो भनी पुष्टि गर्न नसकेको हुँदा प्रतिबादीको माथि विवेचित शिर्षक अन्तर्गतको रकम गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिदा आरोप माग दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदर भागी रहेको छ ।

					• अतः माथि उल्लेखित आधार र कारण समेतबाट बिशेष अदालत काठमाण्डौले प्रतिबादी बिष्णुकान्त मिश्रलाई सफाई दिने र प्रतिबादी हिरा देवीको नाममा रहेको सम्पत्ति जफत नगर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरी प्रतिबादी बिष्णुकान्त मिश्रले अवैध रूपमा आर्जन गरेको सम्पत्ति जफत गरीपाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।